**जनता समाजवादी पार्टी, नेपालको तर्फबाट**
**दमक नगरपालिकाको प्रमुखलगायत सदस्य पदका उम्मेद्वारहरुको सामूहिक प्रतिवद्धता !**

**आदरणीय दमकवासी आमाबुबा, दिदीबहिनी, दाजुभाइहरु !**
जनता समाजवादी पार्टी, नेपाल (जसपा) संघीयता, सुशासन, समृद्धि र समाजवादको बलियो जग निर्माण भए मात्रै मुलुकको समग्र विकास सम्भव हुने वास्तविकतालाई हृदयंगम गरी १०+१ सहितको संघीय नेपाल निर्माणका लागि आन्दोलनरत राजनीतिक दल हो । जसपाले विविधतायुक्त नेपाललाई पहिचानसहितको संघीय नेपालमा रूपान्तरण गर्ने विश्वास लिएको छ ।
प्रदेश नम्बर १ को झापा जिल्लामा अवस्थित दमक नगरपाकिला आफैमा विकासको गतिमा लम्किरहेको नगर भए तापनि यो नगरले पुरातनवादी सोच र चिन्तनलाई त्याग्न सकिरहेको छैन । त्यसैले युवा पुस्ताको नेतृत्वमा मात्रै दमक रूपान्तरणको लक्ष्य पूरा हुने अठोटका साथ जनता समाजवादी पार्टी, नेपालका तर्फबाट हामीले दमकका कर्मठ, जुझारु, क्रियाशील युवा नेता **पवन विष्ट**लाई दमक नगरको प्रमुख पदको उम्मेद्वार बनाएका छौं ।
जसपा दमक नगरपालिकाको समग्र विकास र दमकवासी जनताको न्याय, समानता र अधिकारका लागि प्रतिबद्ध पार्टी हो । स्थानीय तह निर्वाचन राजनीतिक सिद्धान्त र राजनीतिक दलको विचारमाथिको विजय वा पराजयसँग जोडिएको विषय होइन । यो त आफ्नो पालिका र वडाको विकास र राज्यबाट उपलब्ध हुने सेवा कसरी सहज किसिमले नागरिकलाई उपलब्ध गराउने भन्ने विषयमा केन्द्रित रहेर हुने निर्वाचन हो । तपाईहरुले निर्वाचित गर्ने जनप्रतिनिधिले तपाईका समास्याहरुमा साथ दिन्छ कि दिँदैन ? तपाईहरुलाई चाहिए अनुसारको विकास गर्छ कि गर्दैन ? यो सवाल प्रमुख हो ।
योग्य जनप्रतिनिधि चयन गर्न सके मात्रै दमक रूपान्तरण गर्ने हामी सबैको साझा आकांक्षा पूरा हुन सक्दछ । तसर्थ **चुनाव चिह्न छाता** मा मतदान गरी दमकको लागि योग्य युवा उम्मेद्वारलाई विजयी गराउने सुवर्ण अवसर यतिबेला हामी दमकवासीलाई प्राप्त भएको छ ।
यहाँहरुको अमूल्य मत **चुनाव चिह्न छाता** लिएर दमक नगरको प्रमुख पदको उम्मेद्वार बनेका युवा नेता **पवन विष्ट**सहित **चुनाव चिह्न छाता** लिएर **दमक वडा नम्बर २ मा खुला सदस्य उम्मेद्वार बनेका युदबहादुर लावती (आकाश), चुनाव चिह्न छाता लिएर दमक वडा नम्बर ७ मा खुला सदस्य उम्मेद्वार बनेका दिपबहादुर भुजेल** र **चुनाव चिह्न छाता** लिएर **दमक वडा नम्बर ९ मा खुला सदस्य उम्मेद्वार बनेका दुर्गा तामाङ**लाई दिएर अत्यधिक मतले विजयी गराइदिन हुन हार्दिक अपील गर्दछौं ।

**हाम्रा प्रतिवद्धताहरु :**

**सेवा र सुशासन प्रवर्द्धन**
१. दमक नगर कार्यपालिकाको प्रशासनिक खर्च घटाइने छ । पुँजीगत खर्च वृद्धि गरिने छ ।
२. धिमाल भाषालाई दमक नगरपालिकाको सरकारी कामकाजी भाषाका रूपमा मान्यता प्रदान गरिने छ । साथै ऐन नै बनाएर पूर्ण कार्यान्वयनमा ल्याइने छ ।
३. सुरक्षालाई ध्यानमा राखेर नगरका प्रत्येक टोलटोलमा **CCTV** व्यवस्था गरिने छ ।
४. नगर कार्यपालिका र वडा कार्यालयहरुमा कायम रहेको ढिलासुस्ती अन्त्य गर्न उच्च प्रविधि र दक्ष कार्यालय सहायकहरुको प्रवन्ध गरिने छ । सेवाग्राही जनतालाई सम्मानका साथ सेवा लिने वातावरण बनाइने छ ।

५. दमक नगरपालिकालाई भ्रष्टाचार मुक्त नगर बनाइने छ । सरकारी र अन्य सामाजिक संघसंस्थाहरुमा भएका अनियमितताको छानबिन गरी दोषीमाथि कारबाही गरिने छ ।

६. प्रत्येक आर्थिक वर्षको ६/६ महिनामा अनिवार्य सार्वजनिक सुनुवाई गरी नगर कार्यकार्यपालिका र वडा कार्यालयहरुको काम, कारबाही सम्बन्धमा सुझाव लिने र गल्ती कम्जोरी सच्याइने छ ।

७. वडाहरुको योजना छनौट गर्दा अनिवार्य टोल विकास संस्था, स्थानीय सामुदायिक संघसंस्था, क्लब, बाल क्लबका प्रतिनिधिहरुसँगको अन्तरक्रियाबाट मात्रै गरिने छ ।

८. दमकवासी नागरिकहरुले मान्ने पुज्ने सबै धर्म, संस्कृति र परम्परालाई समान दृष्टिकोणका आधारमा सम्मान गरिने छ ।

९. दमक नगरभित्र लगाइने सवारी कर (पटके कर) हटाइने छ ।

१०. दमक नगरपालिकामा फोहर मैला व्यवस्थापनका लागि लिइँदै आएको कर मिनाहा गरिने छ ।

**भौतिक पूर्वाधार तथा विकास**

१. पालिकाको स्थानीय विशेषता र आवश्यकता अनुसार व्यवस्थित दमक चक्रपथ निर्माण गरिने छ ।

२. सबै सामुदायिक विद्यालय र आधारभूत सेवा कार्यालयहरुलाई नगर सडक सञ्जालमा जोडिने छ ।

३. शुद्ध खानेपानी सुविधा विस्तार गर्ने र पानीको महशुल प्रत्येक आर्थिक वर्षमा क्रमशः ५ युनिट, १० युनिट गर्दै २५ युनिटसम्म छुटको व्यवस्था मिलाइने छ ।

४. गरिब तथा विपन्न परिवार पहिचान गरी ३० युनिट भन्दा मुनिको विद्युत महशुल मिनाहा गरिने छ ।

५. सबै वडाहरुमा सार्वजनिक शौचालय निर्माण गरिने छ ।

६. नगरभित्र १० वटै वडामा बाल उद्यान **(CHILDREN PARK)** निर्माण गरिने छ ।

७. दमक नगरपाकिलाका सबै स्वास्थ्य केन्द्रहरुलाई भौतिक र सेवा प्रवाहमा स्तरोन्नति गरिने छ ।

८. दमक नगरपालिकाभित्रका सबै ठूला तथा साना बाटाहरुको स्तरोन्नति गरिने छ । साथै ढल निकासको समस्या समाधान गर्न पूर्व-पश्चिम दिशामा व्यवस्थित ढल निर्माण गरी नदीनालाहरुमा पानीको निकासा गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

९. दमक ९ मा निर्माण भएको दमक सभागृहको नाम शिलान्यासको समयमा भएको पूर्वशत अनुसार फाल्गुनन्द सभागृह कायम गरिने छ ।

**स्वास्थ्य**

१. दमक अस्पताललाई स्तरोन्नति गरी मेडिकल कलेजका रूपमा विकास गरिने छ ।

२. आम्दा सामुदायिक अस्पताललाई एनआईसीयु सुविधासहित बाल अस्पतालको रूपमा विकास गरिने छ ।

३. १० वर्ष मुनिका बालबालिका, ६५ वर्ष माथिका जेष्ठ नागरिक र गर्भवती महिलाका लागि नगरपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने ।

४. दमकका १० वटै वडास्थित स्वास्थ्य केन्द्रहरुमा एम्बुलेन्स उपलब्ध गराइने छ ।

५. सुत्केरी महिलालाई सुत्केरी भत्ता तथा सुत्केरी पौष्टिक आहार उपलब्ध गराइने छ ।

६. सम्पूर्ण नगरवासीलाई निःशुल्क स्वास्थ्य बिमा गराइने छ ।

७. हरेक आर्थिक वर्षमा एक पटक बहुदिने स्वास्थ शिविर सञ्चालन गरी दमक नगरका सम्पूर्ण वडावासी नागरिकहरुहरुको निम्ति निःशुल्क स्वास्थ्य जाँचको सेवा उपलब्ध गराउने छ ।

**शिक्षा**

१. दमक नगरभित्र स्नातक तहसम्म शिक्षा निःशुल्क गरिने छ ।

२. सामुदायिक विद्यालयहरुको भैतिक र शैक्षिक गुणस्तर सुधार गरिने छ।
३. दमक नगरका १० वटै वडामा आधुनिक पुस्तकालयको स्थापना गरिने छ।
४. दमक नगरपालिकाका सबै विद्यालयहरुमा स्थानीय मातृभाषामा पठनपाठनको प्रबन्ध गरिने छ।
५. दमक बहुमुखी क्याम्पसलाई आंगिक क्याम्पसमा परिणत गरिने छ।

**सूचना प्रविधि र सञ्चार**

१. आगामी ५ वर्षभित्रमा दमक नगरका सबै वडालाई फ्रि वाइफाइ जोन घोषणा गरिने छ।
२. दमक नगरका सबै वडाका सेवाग्राहीहरुलाई घरमै बसेर अनलाइनमार्फत आवश्यक सेवा लिन पाउने सुविधा मिलाइने छ। आवश्यक सिफारिसको लागि अनलाइनबाट फारम भर्ने, कर तथा महशुल तिर्ने व्यवस्था गरिने छ।
३. दमकवासीलाई आवश्यक सम्पूर्ण सेवा तथा सूचना बारे जानकारी उपलब्ध गराउन नागरिक एप्स निर्माण गरि सञ्चालन गरिने छ।
४. सूचना प्रविधिको क्षेत्रमा दमकलाई अब्बल बनाउन युवा पुस्ता लक्षित सीप र क्षमता अभिवृद्धिको लागि थप विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ।
५. पत्रकार मञ्च दमकको कार्यालय भवनसहित हाइटेक सुविधायुक्त सूचना तथा सञ्चार केन्द्र स्थापना गरिने छ।
६. दमक नगरपालिकाले स्थानीय सञ्चार माध्यमहरुलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापन वापतको रकममा शतप्रतिसत वृद्धि गरिने छ। साथै प्रत्येक वर्ष बृद्धि गरिँदै लगिने छ।
७. सञ्चार क्षेत्रको विकासका लागि पत्रकारहरुको सीप तथा क्षमता अभिवृद्धिमा लगानी गरिने छ।

**कृषि**

१. कृषि कार्यलाई प्राथमिकतामा राखी योजना निर्माण गरिने छ।
२. रतुवा र मावा नदीको सदुपयोग गरी सिँचाइको प्रवन्ध गरिने छ। कृषकहरुलाई आधुनिक कृषि प्रणालीतर्फ प्रोत्साहन गरिने छ।
३. अर्गानिक कृषितर्फ किसानलाई प्रोत्साहित गर्न निःशुल्क बीउ, मल, प्राविधिक सहायता उपब्ध गराइने छ। साथै उत्पादित वस्तुको बजार व्यवस्थापन गरिने छ।
४. प्रत्येक वडामा किसानबाट उत्पादिन कृषि उपज भण्डारण गर्न शित भण्डार **(COLD STORAGE)** निर्माण गरिने छ।
५. उत्कृष्ट कृषि कार्य गर्ने अगुवा कृषकहरुलाई पुरस्कृत र प्रोत्साहित गरिने छ।
६. गाई पालन, भैंसी पालन, बंगुर पालन, मत्स्य पालन, कुखुरा पालन आदि कार्यलाई प्रोत्साहन गर्न वडाबाटै निःशुल्क पशु चिकित्सक सेवा उपलब्ध गराइने छ।
७. दमक नगरपालिकालाई विषादिमुक्त नगर घोषणा गरिने छ।
८. दमक नगरपालिकाभित्र प्राङ्गारिक मल उद्योग सञ्चालन गरिने छ।

**वन, वातावरण तथा पर्यटन विकास**

१. दमकको हंसेदुम्से सामुदायिक वन र रमा सामुदायिक वनलाई जैविक विविधतायुक्त वनका रूपमा विकास गरिने छ।
२. दमक नगरभरिका ताल, तलैया, पोखरी, सिमसार क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि विशेष योजना ल्याइने छ।

३. जातीय र सांस्कृति सम्पदाको प्रवर्द्धन गरी पर्यटकीय मूल्यमा बदल्ने नीति ल्याइने छ ।
४. दमकभित्रका खोला, खोल्सालाई नियन्त्रण गरी (RIVER BEAUTIFICATION) गरिने छ ।

**उद्योग, व्यापार व्यवसाय**

१. घेरेलु मदिरा उत्पादनलाई ब्राण्डिङ गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गरिने छ । विदेशी मदिरालाई निरुत्साहित गरिने छ ।
२. दमक नगरका सम्पूर्ण व्यवसायीहरुलाई स्थानीय उत्पादन र उद्यमशीलतातर्फ प्रोत्साहित गरिने छ ।
३. स्थानीय उद्योगलाई विशेष प्राथमिकतामा राखी कर छुटको व्यवस्था गरिने छ ।
४. व्यापारीमाथि थोपरिएको दोहोरो कर हटाइने छ ।
५. स्थानीय उत्पादनको बजारीकरणलाई व्यवस्थापन गरिने छ ।
६. कृषि उत्पादन, घरेलु हस्तकला, ढाका उद्योगलगायत स्थानीय उत्पादन बढाउन आवश्यक सहयोग गरिने छ ।
७. रात्रीकालीन बजार र व्यवसायलाई उचित व्यवस्थापनसहित प्रवर्द्धन गरिने छ ।
८. निजी क्षेत्रलाई दिइएको दमकको फोहर मैला व्यवस्थापन र वैकल्पिक उर्जा उत्पादन कार्य दमक नगरपालिका आफैले व्यवस्थापन र सञ्चालन गरिने छ ।

**रोजगारी**

१. युवा स्वरोजगार र उद्यमशीलता विकासलाई प्राथमिकता दिएर कार्यान्वयनमा ल्याइने छ ।
२. कृषि, सीपमूलक र सेवामूलक क्षेत्रको अतिरिक्त युवा पुस्तालाई पर्यापर्यटनसँग जोडेर स्वरोजगार हुन विभिन्न तालिम र प्रशिक्षण निःशुल्क प्रदान गरिने छ ।
३. कृषि, पर्यटन र लघु उद्योगको विकास गरी युवा पुस्तालाई रोजगारी उपलब्ध गराइने छ ।
४. दमक नगरपालिकाभित्र रहेका बेरोजगारहरुलाई रोजगारीको ग्यारेन्टी गरिने छ ।

**युवा तथा खेलकुद**

१. युवाहरुलाई व्यवसायिक बनाउन १६ वष देखि ४० वर्षसम्मका युवाहरुलाई विभिन्न आयमूलक सीप र तालिम निःशुल्क प्रदान गरिने छ ।
२. दमक गोल्ड कपलाई दमकको शान र प्रतिष्ठाका रूपमा प्रत्येक वर्ष दमक गोल्डकप आयोजना गरिने छ ।
३. प्रत्येक वर्ष दमकका विद्यालयहरुबीच विद्यालयस्तरीय खेलकुद सप्ताह आयोजना गरिने छ ।
४. दमक नगरको वासिन्दा भई खेलकुदको जुनसुकै विधामा राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा ख्याती कमाएका, पदक प्राप्त गरेका खेलाडीलाई पुरस्कृत तथा सम्मानित गरिने छ ।
५. खेलकुदसँग सम्बन्धित खेलमैदान, प्यারाफिट, कबर्डहल निर्माणलाई प्राथमिकता दिइने छ ।
६. प्रस्तावित मदन भण्डारी रंगशालाको नाम परिवर्तन गरी दमक रंगशाला कायम गर्ने र दमक खेलकुद एकेडेमी स्थापना गरिने छ ।
७. लागु पदार्थ र मादक पदार्थको दुर्व्यसनबाट युवा पुस्तालाई मुक्त राख्न चेतनामूलक कार्यक्रम लागू गरिने छ । कुलतमा फसेका युवालाई सुधार्न र समाजमा पुनर्स्थपना गर्न विशेष योजना ल्याइने छ ।
८. युवा पुस्ताको क्षमता विकासका लागि प्रत्येक वर्ष युवा महोत्सव आयोजना गरिने छ ।

**महिला**

१. महिलामाथि महिला भएकै कारण हुने सबै किसिमका विभेद् र शोषणको अन्त्य गरिने छ ।
२. महिलाहरुको शारीरिक अवस्थालाई ध्यानमा राखी उचित स्वास्थय उपचारको प्रवन्ध गरिने छ ।
३. गर्भवती र सुत्केरी महलिाहरुको स्याहार सुसार र पौष्टिक खानपानका लागि प्रत्येक वडाले विशेष योजना बनाई कार्यान्वयन गरिने छ ।
४. महिलाहरुलाई उद्योग सञ्चालन गर्न प्रोत्साहित गर्न महिला सञ्चालक भई नगरकार्यपालिका र वडा कार्यालयहरुमा दर्ता हुने उद्योग निःशुल्क दर्ताको व्यवस्था गरी लाग्ने करमा समेत ५० प्रतिशत छुट दिइने छ ।

**जेष्ठ नागरिक**

१. जेष्ठ नागरिकहरुको उच्च सम्मान गरिने छ ।
२. ७० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई वडाबाट उपलब्ध हुने जुनसुकै सेवा निःशुल्क उपलब्ध गराइने छ ।
३. जेष्ठ नागरिकहरुबीच भेटघाट र छलफल गर्न सहजताका लागि दमक नगरका १० वटै वडामा १० वटाका दरले जेष्ठ नागरिक चौतारी निर्माण गरिने छ ।

**बालबालिका**

१. नगरका सबै बालबालिकालाई अनिवार्य शिक्षाको प्रत्याभूति गरिने छ ।
२. दमक नगरका सबै वडाभित्र बसोबास गर्ने बाबुआमा नभएका टुहुरा बालबालिकाको रेखदेख गर्ने अभिभावक नभएमा वडाले नै अभिभावकत्व ग्रहण गरेर उनीहरुको शिक्षा दीक्षामा लगानी गरिने छ ।
३. बालबालिकाहरुलाई बालमैत्री सिकाइ र भयरहित वातावरणमा वृत्तिविकास गर्ने र सिक्ने अवसरको ग्यारेन्टी गरिने छ ।

**अपाङ्गता  र यौनिक अल्पसंख्यक**

१. दमक नगरपालिकाभित्रका सबै सरकारी र सामुदायिक कार्यालय र सेवा केन्द्रहरुलाई अपाङ्गमैत्री बनाइने छ ।
२. फरक क्षमता भएका बालबालिकाहरुका लागि आवश्यक शैक्षिक केन्द्र र शिक्षाको सुविधा उपलब्ध गराइने छ ।
३. दमकका मुख्य सडकका पेटीहरु अपाङ्गमैत्री बनाइने छन् ।
४. यौनिक अल्पसंख्यकहरुको अधिकार सुनिश्चित गर्न विशेष नीति लिइने छ ।
५. यौनिक अल्पसंख्यकहरुका लागि यौनिक पहिचान खुल्ने सिफारिस लिँदा कुनै शुल्क लिइने छैन ।

**साहित्य र संस्कृति**

१. दमक प्रज्ञा प्रतिष्ठानको कार्य क्षेत्र विस्तार गरी मातृभाषा र मौलिक संस्कृति संरक्षण, प्रवर्द्धन र विकासको लागि भाषाविज्ञहरुको समिति बनाइ कार्य गरिने छ ।
२. प्रत्येक वर्ष दमक नगरस्तरीय कला, सहित्य र मातृभाषा प्रवर्द्धन महोत्सव आयोजना गरिने छ ।
३. दमक नगरभित्र रहेका जातीय, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गरिने छ ।
४. दमक नगरको प्रथम नागरिक धिमाल समुदायको इतिहास, भाषा, संस्कृति, परम्परा, प्रथाजनित कानून, परम्परागत अर्थतन्त्र बारे अध्ययन अनुसन्धान गर्न धिमाल अध्ययन प्रतिष्ठान गठन गरिने छ ।

५. दमक नगरभित्र धिमाल जातिको सामूहिक चाड जात्रीमा लाग्ने सम्पूर्ण खर्च दमक नगरपालिकाबाट व्यहोरिने छ ।

६. नेपाल आदिवासी जनजाति महासंघको निर्माणाधीन भवनको काम अगामी आर्थिक वर्षभित्रै सम्पन्न हुने गरी बजेट विनियोजन गरिने छ ।

७. दमक नगरभित्रका सबै मठमन्दिर, गुम्बा, माङहिम, चर्च, मस्जिद आदिको संरक्षण र सम्बर्द्धनमा समान नीति कायम गरिने छ । जातीय र धार्मिकस्थल र थानहरुको विकासमा लागनी गरिने छ ।

८. दमक ७ स्थित किरात भवन रायाली सेवा संघमा निर्माणाधीन किरात संग्रहालयको काम आगामी आर्थिक वर्षमै सम्पन्न गरिने छ ।

९. दमक ९ मा निर्माणाधीन कदम थिएटरको सेउपाखा बहुसांस्कृतिक नाटकघर दमक नगरपालिकाबाटै निर्माण सम्पन्न गरिने छ ।

**अव्यवस्थित बसोबास तथा सुकुमबासी समस्या समाधान**

१. दमक नगरको अव्यवस्थित बसोबास समाधानका लागि अधिकार सम्पन्न आयोग गठन गरी कार्य गरिने छ ।

२. सुकुमबासी समस्या समाधान गरी संविधान प्रदत्त नागरिकको आवासको हकलाई प्रत्याभूति गर्न विभिन्न कार्यक्रम ल्याइने छ ।

३. दमक नगरपालिकाभित्रका सम्पूर्ण सुकुम्बासी परिवारलाई जग्गा धनी प्रमाणपुर्जा उपलब्ध गराई भूमिको मालिक बनाइने छ ।